नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सार्वजनिक खरिद अनुगमन कार्यालय

ताहाचल, काठमाडौं, नेपाल

प.सं.: ०७३/७४
च.नं.: ९९८

मितिः २०७३।१२।७

प्रिय सहकारीज्यू,

**विषय: विद्युतीय खरिद प्रणालीको प्रयोग सम्बन्धमा ।**

नेपाल सरकारको निर्णयानुसार "नेपाल सरकारले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४६ को उपनियम (१) बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले स्थापना गरेको विद्युतीय प्रणाली संवत् २०७४ साल साउन १ गते देखि सञ्चालनमा ल्याउने निर्णय गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।" भनी यही मिति २०७३।१०।३ गते नेपाल राजपत्रमा सूचना प्रकाशित भएको यहाँलाई विदितै छ ।

सो अनुसार यही २०७४ साउन १ गते देखि सबै सार्वजनिक निकायले यस कार्यालयबाट सञ्चालित विद्युतीय खरिद प्रणाली (e-GP System) मात्र प्रयोग गर्नुपर्नेछ जुन प्रणालीमा पूर्णरुपमा अनलाइन प्रविधिबाट मात्र सार्वजनिक खरिदको कार्य गर्ने गरिन्छ । यसमा कागजी प्रति (Hard copy) को प्रयोग हुदैन ।

हाल यस कार्यालयबाट सञ्चालित e-Bidding प्रणाली (Bolpatra phase-I) मा भएका सुविधाहरु समेत e-GP System मा समावेश गरेर २०७४ साउन १ गते देखि सो प्रणाली बन्द गर्ने योजना रहेको तथा अन्य निकायबाट सञ्चालन भइरहेका e-bidding सम्बन्धी विभिन्न portal हरु समेत बन्द हुने भएकोले सबै सार्वजनिक निकायहरुले नयाँ प्रणाली- e-GP System मा दर्ता भई सो प्रणाली मार्फत सार्वजनिक खरिदको कार्य गर्नुपर्ने अवस्था रहेको छ ।

केही सार्वजनिक निकायहरुले यो प्रणालीको प्रयोग शुरु गरी खरिद प्रक्रिया अगाडि बढाइसकेको भएता पनि धेरै निकायहरुले हालसम्म यस प्रणालीमा दर्ता भई प्रयोग शुरु गरेको अवस्था छैन । सार्वजनिक निकायहरुले यो e-GP System को प्रयोग अहिले देखिनै शुरु गर्दा प्रयोगकर्ताहरु प्रणालीमा अभ्यस्त हुनुको साथसाथै प्रणालीमा कुनै कमजोरी देखिए सो समेत समयमै सुधार गर्न सकिने अवस्था रहन्छ ।

तसर्थ, तहाँ मन्त्रालय तथा अन्तर्गतका सम्पूर्ण निकायहरुलाई उपरोक्त व्यहोराहरु जानकारी गराउँदै ती निकायहरुबाट अब गरिने खरिदका कार्यहरु सार्वजनिक खरिद अनुमगन कार्यालयको विद्युतीय खरिद प्रणाली (e-GP System) मार्फत नै गर्नको लागि निर्देशन समेत हुनको लागि अनुरोध गर्दछु ।

सचिव
दर्ता नं.: १०५४
मिति: ०७३/१२/१०

(विनोद के.सी.)
सचिव

श्री सचिव
शान्ति मन्त्रालय ।

सादर अवगतार्थ:
श्रीमान् मुख्य सचिवज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

Office Tel No. 01-4030518
website: www.ppmo.gov.np
Fax No. 01-4030642
e:mail: info@ppmo.gov.np

"निजामती सेवाको मान्यता:अनुशासन, इमान्दारी र नैतिकता"